# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साविक, बन्जरीया-९) नवलपरासी

प.सं. :- २०८२/०८३

च.नं. :-

विरेन्द्र प्रसाद चौधरी
अध्यक्ष

**विषय :- गोलिया काठ लिलाम बढाबढको सूचना ।**

(प्रकाशन मिति : २०८३/०२/२२ गते)

बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम-१८ नवलपरासीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. ०८०।०८१ र ०८१।०८२ मा कटान मुछान भई यस समूहको भागमा परेको रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय, अमरौटको कार्यालय कम्पाउण्डमा घाटगद्दी भएको तपशील बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । गोरखापत्र पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र खरिद गरि ८ औं दिनको १:०० बजेभित्र न्यूनतम मूल्यबाट बढाबढ गरीशिलवन्दी बोलपत्र दर्ता गराउनु हुन आव्हान गरिएको छ ।

**१. वन पैदावार (काठ) को विवरण:**

| वन पैदावारको विवरण | | | | | | | मुल्याङ्कन (रु) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.ब | सुचना पटक | लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फि.) | राजश्व | न्यूनतम | संकलन खर्च | प्लट | घाङ | कैफियत |
| २०८१/०८२,२०८२/०८३ | चौथो | १ | असना | A | २९ | ५७५.१५ | ४०० | २३००६० | ११७१.३० को प्रति क्यु.फि रु १८४।०८, ७५०.२२ को प्रति क्यु.फि रु १५० | C2S2-5,C3S1-7 | २,७,९ | साविकको लट नं. ४,२ |
| | | | असना | B | ४६ | ५२२.३३ | ३०० | १५६६९९ | | | | |
| | | | असना | C | १६२ | ७२२.७४ | १०० | ७२२७४ | | | | |
| | | | कर्मा | B | २ | २०.६० | ३०० | ६१८० | | | | |
| | | | कर्मा | C | ७ | २०.३७ | १०० | २०३७ | | | | |
| | | | क्यमूना | | १ | ३.०१ | १०० | ३०१ | | | | |
| | | | सिगाने | | ५ | १८.२० | १०० | १८२० | | | | |
| | | | अन्य | | ८ | ३९.१५ | १०० | ३९१५ | | | | |
| | | | जम्मा | | २६० | १९२१.५५ | | ४७३२८६ | | | | |
| | | | साल दउरा | | २ चट्टा | | १२००० | २४००० | प्रति चट्टा रु १२९०० | | | |
| २०८१/०८२ | चौथो | २ | असना | A | ४१ | ८९१.०३ | ४०० | ३५६४१२ | प्रति क्यु.फि रु १८४।०८ | C3S1-6 | ४,९,२ | साविकको लट नं. ७,९ |
| | | | असना | B | ४२ | ३८७.४७ | ३०० | ११६२४१ | | | | |
| | | | असना | C | ११३ | ४५१.०३ | १०० | ४५१०३ | | | | |
| | | | पियारी | | ४ | १८.११ | १०० | १८११ | | | | |
| | | | मौवा | | ७ | २७.४१ | १०० | २७४१ | | | | |
| | | | साल | C | २ | ६.९९ | ६०० | ४१९४ | | | | |
| | | | जामून | B | १ | ७.२९ | ३०० | २१८७ | | | | |
| | | | जामून | C | ७ | ३०.०८ | १०० | ३००८ | | | | |
| | | | सिगाने | | १३ | ५२.०० | १०० | ५२०० | | | | |
| | | | भलायौ | | ३ | २३.७२ | १०० | २३७२ | | | | |
| | | | जम्मा | | २३३ | १८९५.१३ | | ५३९२६९ | | | | |
| | | | साल दउरा | | २ चट्टा | | १२००० | २४००० | प्रति चट्टा रु १२९०० | | | |

# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

## रामग्राम-१८ (साविक बन्जरीया-९) नवलपरासी

प.सं. :- २०८२/०८३

च.नं. :-

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८२/०८३ | चौथो | ३ | अस्ना | A | १६ | ३१४.५३ | ४०० | १२५८१२ | प्रति क्यु.फि रु १५० | C2S2-1, C3S2-1,C3S2-1 | २३,२६,३१ | साविकको लट नं. ८,९ |
| | | | अस्ना | B | ३१ | ३०५.९१ | ३०० | ९१७७३ | | | | |
| | | | अस्ना | C | १५६ | ६८२.३८ | १०० | ६८२३८ | | | | |
| | | | जामून | B | ५ | १२.०४ | ३०० | ३६१२ | | | | |
| | | | जामून | C | २ | ८.९७ | १०० | ८९७ | | | | |
| | | | अन्य | | ३३ | १५६.८१ | १०० | १५६८१ | | | | |
| | | | जम्मा | | २४३ | १४८०.६४ | | ३०६०१३ | | | | |
| | | | साल दउरा | | २ चट्टा | | १२००० | २४००० | प्रति चट्टा रु १२९०० | | | |

२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्ने अन्तिम मिति :- २०८३।०२।२८ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्ने अन्तिम मितिः-२०८३।०२।२९ गते समयः- दिनको १.०० बजे सम्म ।

नोट :- बोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन हुनेछ ।

३. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने स्थान :

(क) बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम-१८ नवलपरासी (ब.सु.प.) को कार्यालय

(ख) डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को कार्यालय

४. बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको परासी स्थित रा. वा. वैंकमा रहेको खाता नं. ३१००१००००४४२२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस समूहको नाममा खिचिएको ६ महिना अवधिको वैंक जमानत समावेश हुनु पर्नेछ । नगद धरौटीलाई मान्यता दिइनेछैन ।

५. लिलाम बढाबढ हुने वन पैदावार सम्वन्धमा बुद्धशान्ती साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाईमा सम्पर्क राखी घाटगद्दीस्थान : रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालयको कम्पाउण्ड, अमरौटमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले फर्म दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सम्वन्धित डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्र, अद्यावधिक प्रमाणपत्र, मु.अ. कर दर्ता वा स्थायी लेखा नम्बर (**PAN**) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्ने छ । बोलपत्र खरीद गर्दा वा दाखिला गर्दा सम्वन्धित फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ, आफैं उपस्थित हुन नसकेमा मन्जुरीनामा दिएको पत्र हुनुपर्नेछ ।

७. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ ।

८. निर्धारण गरिएको न्यूनतम संख्याका र रितपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । दर्ता भएको बोलपत्र मिति २०८३।०२।२९ गते दिउसो ३:०० वजे सरोकारवालाहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

९. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि लट अनुसार बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्टसँग लट नं. उल्लेख गरेको हुनु पर्ने छ ।

१०. लिलाम स्वीकृति भएको जानकारी समूहको सूचना पाटीमा प्रकाशित गरिनेछ । सो को जानकारी लिनुपर्ने दायित्व बोलपत्रदाताको हुनेछ । बोलपत्र स्वीकृत भएको सम्बन्धी सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम जम्मा गरिसक्नुपर्नेछ अन्यथा धरौटी रकम जफत गरिनेछ । तथा निर्धारित मु.अ. कर, अग्रिम आयकर, संकलन खर्च समेत बुझाई वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्ने छ ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहने छ ।

१२. सकारकर्ताले रकम दाखिला गरेपछि कार्यालयबाट लिलाम गरिएको काठ विमार्का गरी २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिनेछ ।

१३.अन्य कुराको हकमा प्रचलित ऐन, कानुन, नियम, निर्देशिका बमोजिम हुने छ ।

१४. सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत अमान्य हुनेछ

# भागेश्वरमा सडक, खानेपानी र सिँचाइको समस्या उस्तै

अमरगढी समाचारदाता
डडेलधुरा, जेठ २१ गते

बैतडीको पश्चिमतर्फ महाकाली नदी किनारसम्म फैलिएको भागेश्वर गाउँपालिकाका विकट बस्ती विकासको पर्खाइमा छन्। भागेश्वर गाउँपालिका-१ अन्तर्गत पर्ने मुकाली सेत, दुरा सेत, सम्नियाँ र कान्डे जस्ता विकट बस्तीका बासिन्दाले वर्षौंदेखि आधारभूत सेवाको अभाव भोग्दै आएका छन्। गाउँपालिकाको प्रशासनिक सीमाभित्र परे पनि यी बस्ती सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा सिँचाइ जस्ता अत्यावश्यक पूर्वाधारबाट अझै वञ्चित छन्।

स्थानीयको मुख्य पेसा कृषि हो। उब्जाउ जमिन र अनुकूल हावापानीका कारण यहाँ प्रशस्त मात्रामा धान उत्पादन हुन्छ तर व्यवस्थित सिँचाइ प्रणाली नहुँदा किसान वर्षाको भरमा खेती गर्न बाध्य छन्। पक्की सिँचाइ कुलो निर्माण गरेर उत्पादन बढाउन सके स्थानीयको आयआर्जनमा उल्लेखनीय सुधार आउने किसानको विश्वास छ। यातायात पहुँचको अभावले स्थानीयको दैनिकी थप कष्टकर बनेको छ। बिरामी पर्दा डोको वा स्ट्रेचरमा बोकेर दुई/तीन घण्टा पैदल हिँडेर लिमको डाँडासम्म पुर्‍याउनुपर्ने अवस्था छ।

स्थानीय लोकेन्द्र ठकुराठीले भन्नुभयो, "लिमबाट मात्र सवारीसाधनको सुविधा उपलब्ध हुन्छ। वर्षायाममा सडक अवरुद्ध हुँदा बिरामीलाई थप तीन/चार घण्टा पैदल हिँडाएर अस्पतालसम्म लैजानुपर्ने बाध्यता छ।

लिमको डाँडाभन्दा अगाडि सडक विस्तारको काम सुरु भएको वर्षौं बितिसक्दा पनि निर्माणले गति लिन सकेको छैन।

दुई/तीन वर्षदेखि सडकको अवस्था जस्ताको त्यस्तै रहेको उहाँको गुनासो छ। सडक नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी गर्न कठिन भएको छ भने किसानले उत्पादन गरेका अन्नबाली बजारसम्म पुर्‍याउन पनि समस्या भइरहेको छ।

## कांग्रेस संसदीय दलको विवाद समाधान गर्न प्रयासरत

धनगढी समाचारदाता
धनगढी, जेठ २१ गते

नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलभित्र देखिएको विवाद समाधानको प्रयास थालिएको छ। मुख्यमन्त्री कमलबहादुर शाहलाई दलका नेताबाट हटाउने आवाज उठेपछि कांग्रेस संसदीय दलभित्रको विवाद उत्कर्षमा पुगेको थियो।

त्यसलाई समाधानका लागि संसदीय दलले नै प्रयास गर्न थालेको छ। उत्पन्न विवाद र असन्तुष्टिबारे छलफलका लागि बुधबार दलको बैठक बोलाइएको थियो। बैठकमा नौ जना प्रदेश सभा सदस्यको उपस्थिति भए पनि नेतृत्व परिवर्तन गर्नुपर्ने पक्षका आठ जना प्रदेश सभा सदस्यको भने उपस्थिति भएन।

मुख्यमन्त्री रहनुभएका दलका नेता शाहलाई परिवर्तन गर्ने कुरा उठेपछिको उत्पन्न परिस्थितिलाई समाधानका लागि दलको बैठक बसेको प्रमुख सचेतक विक्रमसिंह धामीले बताउनुभयो।

बैठकमा हालकै नेतृत्वलाई निरन्तरता दिने कुरा पनि भएको उहाँको भनाइ छ।

दलको बैठकमा पार्टीभित्र देखिएका विमति र फरक मतलाई छलफल, संवाद र सहमतिका माध्यमबाट समाधान गर्दै अगाडि बढ्ने निष्कर्ष बैठकको छ। यसै गरी कांग्रेस संसदीय दल सुदूरपश्चिम प्रदेश समिति पूर्ण रूपमा एकताबद्ध रहेको जिकिर गरिएको छ। जनताको हित, प्रदेशको समृद्धि र पार्टीको गौरवका लागि सबै प्रदेश सभा सदस्य दृढ, जिम्मेवार तथा प्रतिबद्ध रहने उहर गरिएको छ।

मुख्यमन्त्री शाहको विरुद्धमा जेठ ८ गते १७ मध्ये बहुमत रुपक नौ जना प्रदेश सभा सदस्यले हस्ताक्षर सङ्कलन गरेका थिए। जसमध्ये इम्मरी महराले आफ्नो हस्ताक्षर फिर्ता लिएर मुख्यमन्त्री शाहलाई नै समर्थन गर्नुभएको थियो। मानबहादुर रावल, दिवानसिंह विष्ट, पदमबहादुर शाही, गीता चौधरी, ललिता सुनार, जुनाकुमारी दानी, बेलबहादुर रावल र तुलसी टेवकोटा भने अझै दलको नेता परिवर्तन गर्नुपर्ने पक्षमा हुनुहुन्छ।

## विदेशबाट फर्किएपछि माछापालन

राष्ट्रिय समाचार समिति
महेन्द्रनगर, जेठ २१ गते

सात वर्षअघि वैदेशिक रोजगारीका सिलसिलामा मलेसिया पुगेका कञ्चनपुरको लालझाडी गाउँपालिका-४ का विजयकुमार चौधरी स्वदेश फर्केर माछापालनमा व्यस्त हुनुहुन्छ।

राष्ट्रपति रामचन्द्र पौडेलले उहाँलाई उत्कृष्ट किसानका रूपमा हाली दुई लाख रुपैयाँ राशिको पुरस्कार प्रदान गर्नुभएको छ। पुरस्कृत भएपछि उहाँको कृषिप्रतिको लगाव अझ बढेको छ। उहाँले हाल १५ जनालाई रोजगारी दिनुभएको छ। उहाँले भन्नुभयो, "राष्ट्रपतिबाट सम्मान पाउँदा हौसला थपिएको छ।" अब गाउँका युवालाई पनि कृषि र उत्पादनमुखी काममा लगाउने व्यवसाय सञ्चालन गर्ने योजनामा छु।" सात वर्षदेखि सिकलपट्टी जाइमा तीन बिघामा माछापोखरी बनाएर मत्स्य उत्पादनमा लागेका चौधरीले निकट भविष्यमा थप पाँच बिघा जमिन भाडामा लिएर माछापालन गर्ने बताउनुभयो।

---

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**सुदूरपश्चिम प्रदेश कार्यालय**
धनगढी, कैलाली।

**CTEVT सुदूरपश्चिम प्रदेश कार्यालयको जरुरी सूचना**
(प्रकाशित मिति : २०८३।०२।२२)

यस प्रदेश कार्यालयका पुराना उत्तरपुस्तिका, पत्रपत्रिकाहरू तथा अन्य पुराना कागजातहरू बिक्री गर्नुपर्ने भएकोले इच्छुक खरिद कर्ताले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्पर्क गर्नुहुन जानकारी गराइन्छ। विस्तृत जानकारीका लागि **www.ctevtsppo.org.np** मा हेर्न सकिनेछ।

---

**भूमि प्रशासन कार्यालय मलङ्गवा, सर्लाहीबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा जिल्ला सर्लाही भाडसर गा.वि.स. वडा नं. ५ हाल मलङ्गवा न.पा. वडा नं. ५ बस्ने बद्री बैठाको नाति, राम चरण बैठाको छोरा, नेपाली बैठाले निजको नाममा यस कार्यालयको स्रेस्ता जीर्ण भई च्यातिएकोले स्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि पाऊँ भन्ने व्यहोराको माग निवेदन भएको र सोही व्यहोराको मलङ्गवा न.पा. ५ नं. वडा कार्यालयको च.नं. ८७ मिति २०८२/०५/२ को सिफारिस पत्र उल्लेख भई आएको। यसमा निवेदकको माग दाबी अनुसारको जग्गाको स्रेस्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदक बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूसँग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दाबी उजुरी गर्न यस कार्यालयमा आउनुहोला। सूचनाको म्यादभित्र दाबी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| सर्लाही | धर्मपुर भाँडसर | ५ | ४०१ | ०-९-११ |

इति संवत् २०८३ साल जेठ ८ गते रोज ६ शुभम्...........

---

**भूमि प्रशासन कार्यालय, भोजपुरबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**
मिति: २०८३/०२/०७

यसमा समसेरमानको नाति, देवानसिंहको छोरा, जि.भोजपुर, रामप्रसादराई गा.पा. वडा नं. ६ बस्ने राज कुमार राईले मेरो बाबु लछुमन राईको एकलौटी नाममा दर्ता कायम रहेको जि.भोजपुर बैकुण्ठे गा.वि.स. वडा नं. ५ को कि.नं. ३, ७६, ३३०, क्षेत्रफल ०-८-१-१, १-१५-०-३ र १-४-१-३ रोपनी जग्गा र लक्ष्मण राई, काली बहादुर, रितुमान, दल बहादुरको संयुक्त नाममा दर्ता कायम रहेको जि. भोजपुर बैकुण्ठे गा.वि.स. वडा नं. ५ को कि.नं. ५१ र ५२ क्षेत्रफल ९-२-०-१ र ४-१-१-३ रोपनी जग्गाको धनीपुर्जामा मेरो बाबुको नाम देवान सिंह राई हुनुपर्नेमा लछुमन राई र लक्ष्मण राई भएकोले देवान सिंह राई, लछुमन राई र लक्ष्मण राई फरक फरक व्यक्ति नभई एउटै व्यक्ति हो भनी यस कार्यालयको द.नं. २४१८ मिति २०८३।०२।०८ गतेको निवेदन पेस गर्नु भएको, रामप्रसादराई गा.पा. ६ नं. वडाको च.नं. ६८१, ६८४ मिति २०८३।०२।०६ को पत्रमा समेत देवान सिंह राई, लछुमन राई, लक्ष्मण राई फरक-फरक व्यक्ति नभई एउटै व्यक्ति हो भनी प्रमाणित गरेको हुँदा माथि उल्लिखित जग्गाका अरू हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लेखिए बमोजिमको हकहिस्सा खाने प्रमाण समेत राखी निवेदन दिनुहोला सो म्यादभित्र कोही कसैको दाबी विरोध पर्न नआएमा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

---

**मेट्रो काठमाण्डौ ग्याँस इण्डष्ट्रिज पब्लिक लिमिटेडको**
**१६औँ वार्षिक साधारण सभा बस्ने बारेको सूचना**
(प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२२)

शेयरधनी महानुभावहरू,
यस कम्पनीको सञ्चालक समितिको मिति २०८३ साल जेठ १२ गते मंगलबार बसेको १८६औँ बैठकको निर्णयानुसार कम्पनीको १६औँ वार्षिक साधारण सभा निम्न स्थान, समय र मितिमा निम्न विषय उपर छलफल गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान:**
**मिति : २०८३ साल असार १५ गते सोमबार (तदनुसार २९ जुन, २०२६)।**
**समय : दिनको ०१:०० बजे।**
**स्थान : साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, केन्द्रीय कार्यालयको सभाहल, कालीमाटी, काठमाडौं।**

**छलफलको विषय सूची:**
**क. सामान्य प्रस्ताव**
१. १६औँ वार्षिक साधारण सभाका लागि आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन सहित सोही आर्थिक वर्षको वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीति तथा टिप्पणी उपर छलफल गरी पारित गर्ने।
३. लेखा परीक्षण समितिको सिफारिस अनुसार आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने। (हालको लेखा परीक्षक श्री कुवर एन. भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ)।
४. यस कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) सम्बन्धमा छलफल गरी पारित गर्ने।
**ख. विशेष प्रस्ताव**
१. यस कम्पनी र अन्य कुनै ग्याँस उद्योग एक आपसमा गाभ्ने वा गाभिने (Merger) तथा यस कम्पनीले अन्य कुनै संस्था वा उद्योगलाई प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव सम्बन्धमा छलफल गरी पारित गर्ने।
२. ऊर्जासँग सम्बन्धित क्षेत्र तथा अन्य उपयुक्त क्षेत्रहरूमा आवश्यकता हेरी लगानी गर्न सञ्चालक समितिलाई अख्तियारी दिने विशेष प्रस्ताव सम्बन्धमा छलफल गरी पारित गर्ने।

---

**पशुपति क्षेत्र विकास कोष श्रीपशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना।**

श्रीपशुपतिनाथ अमालकोट कचहरी गुठी कार्यालयको लगतमा दर्तावाला मोही रजनी खड्गीको नाममा मोही दर्ता रहेको का.जि. नगर ६, ब्लक नं. सि.नं. III, II, कि.नं. १८७, को क्षे.फ. १२५.३२ व.मि. घरजग्गा भई कायम भएकोमा रजनी खड्गीको मिति २०८२।१२।१८ मा परलोक भएको र निजका नजिकका हकदारहरूमा श्रीमान सुरेस खड्गी र छोरा सुरज खड्गी समेत २ जना रहेकोमा छोरा सुरज खड्गीले बुवा सुरेस खड्गीको नाममा एकलौटी मोही हक नामसारी गरिदिन हकदाबी छोडी दिने मञ्जुरी दिएको मञ्जुरीनामा सहित यस गुठी कार्यालयमा मिति २०८३।२।१२ मा निवेदन पर्न आएको उक्त घरजग्गाको मोही हक ना.सा.का लागि स्थानीय वडा प्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भइसकेकोले निज निवेदक मध्ये अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला। नआए कानुन बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह**
रामग्राम न.पा.-१८, नवलपरासी।

**गोलिया काठ लिलाम सम्बन्धमा प्रकाशित सूचना**
प्रकाशन मिति : २०८३।०२।२२

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्य योजना बमोजिम आ.व. २०८०/०८१ र २०८१/०८२ मा कटान मुछान भई यस साझेदारी वन उपभोक्ता समूहको मागमा परेको विभिन्न जातको गोलिया थान ७३६ को ५२९७.३२ क्यु.फि. र यस चालु आ.व. मा उत्पादित साल दाउरा ६ चट्टालाई ५ वटा लट कायम गरी चौथो पटक सूचना प्रकाशन गरी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी गोप्य सिलबन्दी लिलाम प्रक्रियाद्वारा बिक्री वितरण गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीबाट उपरोक्त लटहरूका लागि ७ दिनभित्र तोकिएको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी आठौं दिनको १:०० बजेसम्म रीतपूर्वक अलग अलग लटको अलग अलग सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

---

**पशुपति क्षेत्र विकास कोष**
**श्रीपशुपतिनाथ अमालकोट कचहरीको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

श्रीपशुपतिनाथ अमालकोट कचहरी गुठी कार्यालयको लगतमा दुर्गा संगत- १ र वासुदेव संगत-१ समेत २ जनाको नाममा संयुक्त मोही दर्ता रहेको का.जि. नगर ७, सि. नं. १०६७-११, कि.नं. २३९, को क्षे.फ. ०-१-०-० घरजग्गा भई कायम भएकोमा संयुक्त मोहीमध्ये दुर्गा संगतको मिति २०७९।०९।२५ मा परलोक भएको र निज मृतकको नजिकका हक खाने हकदारमा छोरा, वासुदेव संगत १ जना मात्र रहेको भनी का.जि., का.म.न.पा. वडा नं. ७ को च.नं. ४६ मिति २०७९।१०।१५ को नाता प्रमाणित प्रमाणपत्र प्रतिलिपि र का.म.न.पा. वडा नं. ७, को च.नं. २४०२ मिति २०८२।०९।०२ मा यस गुठी कार्यालयलाई हकदार छोरा वासुदेव संगतको नाममा उक्त घरजग्गाको मोही हक नामसारी गरीदिनु भन्ने किटानी सिफारिस समेत संलग्न गरी यस गुठी कार्यालयमा निवेदन माग पर्न आएको हुँदा उक्त घरजग्गाको मोही हक ना.सा.का लागि स्थानीय वडा प्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भइसकेकोले निज निवेदकमध्ये अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला। नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**CALLFOREXPRESSIONOFINTEREST(EOI)**

Peace Brigades International (PBI) Nepal, an INGO registered with the Social Welfare Council, invites Expressions of Interest (EOI) from experienced Nepali NGOs/CSOs working on human rights, peacebuilding, nonviolence, and the protection of Human Rights Defenders (HRDs) in Madhesh and Lumbini Provinces. Eligible organizations with at least two years of relevant experience may apply. The EOI form, eligibility criteria, and submission requirements can be obtained from https://pbinepal.org/en/opportunities/call-partnership. Applications must be submitted within midnight of 25th June. Incomplete or late applications will not be considered.
**Peace Brigades International (PBI) Nepal, Sanepa, Lalitpur**

---

**भूमि प्रशासन कार्यालय, भक्तपुरबाट जारी भएको**
**काठमाडौं जि., का.म.न.पा. वडा नं. ४ बस्ने ज.ध.हरू उमेश प्रसाद भट्टराई, कृष्ण भट्टराई, जगत माया भट्टराई, रमेश प्रसाद भट्टराई, श्रीबाबु भट्टराई, सुरेश प्रसाद भट्टराई र पर्सा जि. बीरगञ्ज उ.म.न.पा. वडा नं. ११ बस्ने बिनिता सैढाई शर्मा समेत जवान ७ का नामको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम उपस्थित हुन आउने बारेको म्याद सरहको ३० दिने सार्वजनिक सूचना।**

भ.पु.जि. चित्तापोल वडा नं. १/ग कि.नं. २२९ को क्षे.फ. १-३-३-० जग्गाको मोही मेरो पिता श्याम सुन्दर आलुबन्जारका नाममा कायम रहेकोमा निजको मिति २०८१/०२/१९ मा मृत्यु भई हक खाने निजकी पत्नी मेरी आमा किरण खत्री (आलुबन्जार), छोराहरू साकार आलुबन्जार र किशोर आलुबन्जार भएकोमा, किरण र किशोर आलुबन्जारको मञ्जुरी भएको र सो कित्ता जग्गालाई उत्तर दक्षिण चिरा गरी पूर्व घरतर्फ आधा मोहीलाई र पश्चिमतर्फ आधा ज.ध.हरूलाई हुने गरी मोही हक नामसारी र जग्गा बाँडफाँट समेत गरिपाऊँ भनी भ.पु.जि., सु.न.पा. वडा नं. १० बस्ने मोहीका हकदार छोरा साकार आलुबन्जारले माग निवेदन गरेकोमा, स्रेस्तामा देखिएका ज.ध.हरूको नाममा १५ दिने म्याद जारी गर्दा निज ज.ध. हरूको ठेगानामा गई म्याद बुझ्न आग्रह गर्दा बुझ्न नमानेको साथै विवाद समेत सिर्जना गरेको भनी तामेलदारबाट म्याद फिर्ता भई आएको देखिँदा यो ३० दिने म्याद सरहको सूचना प्रकाशित गरिएको छ। म्यादभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला। अन्यथा म्याद गुजारी बसेमा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

---

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय सुनसरी**
इनरुवा, सुनसरी, नेपाल।

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**
सूचना प्रकाशन मिति : २०८३।०२।२२

यस कार्यालयको मिति २०८३।०२।०५ गते सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नका निम्ती पेश भएका बोलपत्र दाताहरूको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिको सिफारिस अनुसार देहायका बोलपत्र दाताले पेश गरेको बोलपत्र कम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| S. N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) | Remark |
|---|---|---|---|---|---|
| 1 | IDO-SUN-SQ-ROAD-85-2082/083 | Kalyan Karki ko ghar Bata Paschim Kabyabatika wada Karyalaya Jodne sadak Itahari-5. | M/S Prajapati builders and suppliers, Inaruwa-2, Sunsari | NRs. 14,82,956.56 | |

**Office Chief**

---

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., बालकोट-४ को हाल सु.न.पा. वडा नं. २ बस्ने सुदर्शन रानाभाट समेतले हामीहरूको पिता शिव बहादुर रानाभाटका नाउँमा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत हामीहरूको बाजे तोक बहादुर रानाभाटका नामको मौजा बालकोट असुली तर्फको सि.नं. ११८८-९५ न.नं. ७९८, ९३६ रो- B, II' बाट भिडी दर्ता हुने जग्गा भएकोमा, साविक दर्तावाला पिता शिव बहादुर रानाभाटको मिति २०६९।०२।०१ मा, निजकी पत्नी लक्ष्मी रानाभाटको मिति २०५५।१०।०८ मा मृत्यु भई हक खाने छोराहरू सुदर्शन रानाभाट-१, रमेश रानाभाट-१, विदुर रानाभाट-१, विनोद रानाभाट-१, रामबहादुर रानाभाट-१, हरी रानाभाट-१ र सुसिल रानाभाट-१ समेत जना-७ भएकोमा, सुसिल रानाभाटको २०८०।०३।०७ मा मृत्यु भई हक खाने पत्नी योजना रेग्मी, छोरा आयन रानाभाट भएकोमा, मुलुकी देवानी संहिता ऐन २०७४ को दफा २३९ बमोजिम नजिकको हकवाला हामी हकदार जना ७ का नाउँमा संयुक्त छुट जग्गा दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको। १ नं. मोही लगत, २ नं. अनुसूची र ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, बालकोट-७ कि.नं. १४६ ज.ध. शिव बहादुर रानाभाट मोही शिव बहादुर रानाभाट दर्ता बाँकी मोठ कायम छ भनी मोठ फाँटबाट लेखिआएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको ब्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको ब्यहोरा |
|---|---|---|---|---|---|
| बालकोट | ७ | १४६ | १-६-२-० | शिव बहादुर रानाभाट भ.पु. बालकोट | दोस्रा मालमा निरो तिरी खाई आएको। |

---

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., भ.न.पा. वडा नं. ३ बस्ने बिकुलाल खयरगोलीले म निवेदकको मावली मामा रत्नलाल कुसाथाको नाममा सर्भे नापीका बखत नापनक्सा भई निजकै नाममा स्रेस्ता कायम भएको दर्ता बाँकी मावली बजै गणेश माया कुसाथाको नाममा साविक लगत १६ नं. चुपिंगाल मौजा रेकर तर्फको सि.नं.१४१ न.नं. १४०१ १४६७री-३॥.॥ मध्येबाट भिड्ने भ.पु.जि., भ.न.पा. वडा नं.४ख कि.नं. ५१९ क्षेत्रफल १-०-०-० कित्ता जग्गा भएकोमा निज साविकवालाको बुवा बिसलाल कुसाथाको मिति १९८५ सालमा र निजकी एक मात्र श्रीमती गणेशमाया कुसाथाको मिति २०३० सालमा आ-आफ्नै कालगतिले मृत्यु भई निजहरूको हक खाने नजिकको हकदारहरू रत्नलाल कुसाथा-१, रामचन्द्र कुसाथा-१ समेत जना २ मात्र भएकोमा निज रत्नलाल कुसाथाको मिति २०२१ सालमा अविवाहित अवस्थामा र निजको भाइ रामचन्द्र कुसाथा मिति २०५८/०४/०५ मा तथा निजकी एक मात्र श्रीमती कृष्णमाया कुसाथा मिति २०५६/०९/०२ मा निःसन्तान अवस्थामा नै मृत्यु भएकोले नजिकको हकदारमा विवाहिता दिदीबहिनीहरू लक्ष्मी सुवाल-१ र रत्नमाया खयरगोली-१ समेत जना २ भएकोमा लक्ष्मी सुवालको मिति २०३२ सालमा र निजको श्रीमान् कृष्णभक्त सुवालको मिति २०३५ सालमा मृत्यु भई निजहरूबाट जायजन्म भएका एक मात्र छोरा कृष्णराम सुवाल भएको, साथै रत्नमाया खयरगोली मिति २०६५।०५।१७ मा र निजको श्रीमान् बिकु बहादुर खयरगोली मिति २०५८।१०।२३ मा आफ्नै कालगतिले मृत्यु भई निजहरूबाट जायजन्म भएका एक मात्र छोरा निवेदक बिकुलाल खयरगोली भएकोमा उल्लिखित कित्ता जग्गाका कानुनी हकदार कृष्णराम सुवालले साविक दर्तावाला रत्नलाल कुसाथाको नामबाट निवेदक बिकुलाल खयरगोलीको नाममा जग्गा दर्ता ना.सा. गरी ज.ध. प्रमाण पुर्जा दिन मञ्जुरी दिएकोले निज निवेदकको नाममा जग्गा दर्ता ना.सा.गर्न मिल्ने वा नमिल्ने तथा निज निवेदकहरू बाहेक अन्य हकदारहरू छ/छैन, कसैको दाबी विरोध भए वा सरकारी सार्वजनिक जग्गालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा निवेदकको माग बमोजिम भइजाने व्यहोराको यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल फिल्डबुकको विवरण**

| जिल्ला | क्षेत्र | वडा नं | कि.नं | क्षे.फ. | मोही | कैफियत |
|---|---|---|---|---|---|---|
| भक्तपुर | भ.न.पा. | ४ख | ५१९ | १-०-०-० | रत्नलाल कुसाथा भ.पु. भोलाछे | यो जग्गा मेरो नम्बरी हो। |

---

**भूमि प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर जिल्ला, साविक लामाटार ९ हाल भक्तपुर जिल्ला सिपाडोल ३ परिवर्तित सूर्यविनायक नगरपालिका वडा नं. ८ बस्ने नानी थापा (विष्ट) ना.प्र.नं २३३ भक्तपुरले आमा कृष्ण कुमारी विष्टको नाममा सर्भे नापनक्सा भएको दर्ता हुन बाँकी भएको साविक लामाटार ५२/ को तपसिलमा उल्लिखित कित्ता जग्गाहरू दर्तावाला आमाको मिति २०५६।०८।१९ मा र बाबु सन्त बहादुर विष्टका मिति २०१४ सालमा आ-आफ्नै कालगतिले मृत्यु भएको र निजहरूको शेषपछि हक खाने नजिकको हकदारमा म निवेदिका छोरी नानी थापा विष्ट मात्र भएको र छोराहरूको जायजन्म नभएको हुँदा निवेदिका नानी थापा विष्टले निजकी आमा कृष्ण कुमारी विष्टको नाममा सर्भे नापनक्सा भएको मालपोत कार्यालय ललितपुरमा दर्ता छुट भएको तपसिलका कित्ता नं. क्षेत्रफल भएको जग्गाहरू भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको मालपोत नियमावली २०३६ को नियम ४ (क) को उपनियम १ को प्रयोजनका लागि जग्गा नापजाँच ऐन २०१९ बमोजिम नापनक्सा भएको तर दर्ता गर्न छुट भएका जग्गा दर्ता गर्न दर्ता गर्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. २००५ मिति २०६०।१०।२५ को सूचना अनुसार मृतककी छोरी निवेदक नानी थापा विष्टको नाममा छुट जग्गा तहाँ कार्यालयको नियमानुसार दर्ता नामसारी गरिदिनुहुन सिफारिस साथ अनुरोध छ भन्ने महालक्ष्मी नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ५५४ मिति २०८२/२/२१ गतेको सिफारिस सहित जग्गा दर्ता नामसारी गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. २११ मिति २०८२/५/५ मा नानीमाया विष्ट समेतका निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? कसैको हकदाबी छ, छैन ? उक्त जग्गाका जग्गाधनीको नाम जग्गाधनी स्रेस्ता तथा स्रेस्तामा भएको कृष्ण कुमारी विष्टको जग्गा हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनुनपर्ने कुनै मनासिब कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिनभित्र आफ्नो दाबी प्रमाण पुग्ने कागजात सहित यस कार्यालयमा दाबी विरोध गर्न आउनुहोला/सूचना गर्नुहोला। अन्यथा नियमानुसार जग्गा दर्ता नामसारी भइजाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको ब्यहोरा | कै. |
|---|---|---|---|---|---|---|---|
| लामाटार | ५२<br>५म | १९<br>२४<br>१९ | ०-७-०-०<br>०-३-२-०<br>६-०-०-० | कृष्ण कुमारी वि.५. ५ नं. वडा फेदीखोला ल्या. | | यो जग्गा लोग्ने सन्त बहादुरको अंशको हो निज मर्दा मैले भोग गरेकी छु. ल्या. यो जग्गा मेरो नंबरी हो ल्या. | यो जग्गा बाजे सेर बहादुरको हो अंशबाट हक नामसारी बाँकी ल्या. यो जग्गा कि.नं.१८ को व्यहोरा सदर ल्या. |

---

**Nepal Oil Corporation Limited**
**ERP Implementation Project (ERP)**
**Lokanthali, Bhaktapur**
**Tel: +977-9841269411, Email: erpnocnepal@gmail.com**

**Invitation for Electronic Bids**
Date of Notice Publication : **5 June 2026**

1. The **Nepal Oil Corporation Limited (NOC), ERP Implementation Project (ERP), Lokanthali, Bhaktapur** invites **Electronic Bids** for the Procurement of Following Goods and Services under **National Competitive Bidding (NCB): Single Stage-One Envelope** Bidding procedures as specified in the prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. Bidding is open to all eligible Bidders.
2. Other details are as follows:

| Contract Identification No: | Title of the Assignments | Cost of Bidding Document | Date and Time of Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date and Time | Bid Security Amount | Validity Period of Bid Security | Bid Submission Through |
|---|---|---|---|---|---|---|---|---|
| NOC/ ERP/NCB/ G/2082/83-01 | Supply, Delivery, Installation and Commissioning of Virtualization, Sap Migration & Disaster Recovery Software Infrastructure | NRs. 3,000 | 15 June 2026, 1:00 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 1:15 P.M. | Minimum NRs. 4,20,000 | Minimum 23 October 2026 | e-GP system of PPMO Only |
| NOC/ ERP/NCB/ G/2082/83-02 | Supply, Delivery and Installation of Enterprise Firewall, Web Application Security & Network Monitoring Solution | NRs. 3,000 | 15 June 2026, 1:30 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 1:30 P.M. | Minimum NRs. 4,25,000 | Minimum 23 October 2026 | |
| NOC/ ERP/NCB/ G/2082/83-03 | Supply Delivery and Installation of Integrated Micro Data Center Infrastructure Solution | NRs. 3,000 | 15 June 2026, 2:00 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 1:45 P.M. | Minimum NRs. 4,25,000 | Minimum 23 October 2026 | |
| NOC/ ERP/NCB/ G/2082/83-04 | Supply, Delivery, Installation and Commissioning Enterprise Nvme Storage, Immutable Backup & Data Center Switching Infrastructure | NRs. 3,000 | 15 June 2026, 2:30 P.M. | 26 June 2026, on or before 1:00 P.M | 26 June 2026, 2:00 P.M. | Minimum NRs. 4,20,000 | Minimum 23 October 2026 | |